# लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२

*(मा. मन्त्रिस्तरबाट स्वीकृत मितिः २०८२/०५/१५)*

**प्रस्तावनाः** लोकमार्ग तथा कोरिडोर क्षेत्रमा कृषि बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै कृषि उपजको बजारीकरण प्रवर्द्धनमार्फत रोजगारी सिर्जना तथा व्यावसायीकरण गरी किसानको आय वृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले "लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम" सञ्चालनको लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

## १. प्राविधिक पक्षः

(१) कार्यक्रम सञ्चालन हुने क्षेत्रः गण्डकी प्रदेशभित्र पर्ने मध्यपहाडी लोकमार्ग तथा कालीगण्डकी कोरिडोरसँग जोडिएको स्थानीय तह।

(२) कार्यक्रम सञ्चालन गर्ने संस्थाः कृषि सहकारी, कृषक समूह, कृषि फर्म तथा कृषि कम्पनीहरुको यस कार्यक्रममा सहभागी हुन सक्नेछन्। कार्यक्रम सञ्चालन गर्ने संस्थाले कम्तीमा देहाय अनुसारको क्षेत्रफलमा खेती गर्नुपर्नेछ।

| क्र.स. | बाली | न्यूनतम क्षेत्रफल (रोपनीमा)/बल संख्या/मुढा संख्या | |
|---|---|---|---|
| | | समूह/सहकारी | कृषि फर्म/कम्पनी |
| १. | तरकारी | ३० (संरक्षित संरचनामा खेती गर्ने भएमा १००० वर्ग मिटर) | ५ (संरक्षित संरचनामा खेती गर्ने भएमा २०० वर्ग मिटर) |
| २. | कोदो, हिउँदे मकै र गहुँ | ५० | १० |
| ३. | फलफूल | ३० | ५ |
| ४. | दलहन तथा तेलहन बाली | २० | ५ |
| ५. | मसला बाली | ३० | ५ |
| ६. | कन्ये च्याउ खेती | २००० बल | ३०० बल |
| ७. | सिताके च्याउ | १००० मुढा | २०० मुढा |

(३) कार्यक्रम सञ्चालन हुने क्षेत्रको हावापानी, भूगोल, व्यावसायिक खेतीको सम्भावना तथा आवेदक संस्थाको आवेदनका आधारमा बढी व्यावसायीकरणको सम्भावना भएका बाली तथा वस्तुहरु मध्ये एक जिल्लामा बढीमा ३ बाली तथा वस्तुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(४) आवेदक संस्थाले क्लष्टरमा खेती गर्नुपर्नेछ। क्लष्टरमा समावेश हुने उत्पादन प्लट बीचको दुरी २०० मिटर भन्दा कम हुनुपर्नेछ।

(५) कृषि समूह तथा सहकारी संस्थाका प्रत्येक ईच्छुक कृषक सदस्यले कम्तीमा २ रोपनी जग्गामा खेती गर्नुपर्नेछ। साथै, संरक्षित संरचनामा तरकारी खेती गर्ने भएमा कम्तीमा १४० वर्ग मिटर, कन्ये च्याउ २०० बल, सिताके च्याउको हकमा १०० मुढामा खेती गर्नुपर्नेछ।

## २. आर्थिक पक्षः

(१) स्वीकृत बजेटको परिधिभित्र रही कृषि अनुदान सम्बन्धी क्रियाकलापहरुमा अनुदानको सीमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" बमोजिम हुनेछ।

(२) कृषि पूर्वाधार निर्माण (समुदायस्तर लाभान्वित हुने साना सिँचाइ संरचना निर्माण तथा मर्मत र उत्पादनसँग सम्बन्धित सामुदायिक पूर्वाधार निर्माण) कार्यमा बढीमा ९० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ। व्यक्तिगत कृषि फर्मको हकमा बढीमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) आवश्यकताका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले कार्यक्रममा विनियोजित कुल बजेटको ३% नबढ्ने गरी अभिमुखीकरण कार्यक्रम तथा अनुगमन मूल्याङ्कनमा खर्च गर्न सक्नेछ।

## ३. प्रस्ताव मूल्याङ्कनका आधारः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| (१) | **कार्यक्रम सञ्चालन हुने क्षेत्रफल/संख्या** | ४० |
| (क) | तोकिएको न्यूनतम क्षेत्रफल/संख्या | २० |
| (ख) | तोकिएको न्यूनतम क्षेत्रफल/संख्या बढी भन्दा प्रत्येक ५% को लागि १ अङ्क सहित बढीमा २० अङ्क | २० |

| | | |
|---|---|---|
| (२) | **अनुदानको अवस्था** | **२०** |
| (क) | हालसम्म कुनै पनि कृषि अनुदान प्राप्त नगरेको | २० |
| (ख) | विगत दुई आ.व. मा कृषि अनुदान प्राप्त नगरेको र व्यवसायका लागि प्रस्ताव पेश गरेमा | १० |
| (ग) | विगत दुई आ.व. मा कृषि अनुदान प्राप्त गरेको भएता पनि क्षेत्रफल वृद्धि/व्यवसाय विस्तार हुने भएमा | ५ |
| (३) | **सम्बन्धित कृषि व्यवसायमा अनुभव** | **१०** |
| (क) | सम्बन्धित कृषि व्यवसायमा २ वर्ष भन्दा बढीको अनुभव भई कार्य गरी आएको | १० |
| (ख) | सम्बन्धित कृषि व्यवसायमा २ वर्ष भन्दा कम अनुभव भएको | ५ |
| **(४)** | **व्यावसायिक योजना** | **१०** |
| **जम्मा** | | **८०** |

४. **<u>निवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरु:</u>**

(१) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातको अतिरिक्त देहायका कागजातहरु पेस गर्नुपर्नेछ:

(क) समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि,

(ख) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम १० वर्षको करार सम्झौताको प्रतिलिपि।

(२) निवेदनको ढाँचा र कार्यक्रम प्रस्तावको ढाँचा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (२) बमोजिमको हुनेछ।

**५. संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

**६. प्रचलित कानुन बमोजिम हुनेः** यो मापदण्डमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।